Sagarmatha
Jalabidhyut Company Ltd.
Supermai-A- Hydro Project 9.6 MW, Illam

PAN No.: 603561852
Govt. Regd. No.: 257715/077/078
Anamnagar, Kathmandu, Nepal
Phone No.: 01-5705159
Email: sagarmathahydropower@gmail.com
URL: www.sagarmathajbc.com.np

च. नं. : २०८२/०८३/०२३

मिति : २०८२/०८/०३

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरबार प्लाजा, काठमाडौं

**श्री नेपाल धितोपत्र बोर्ड**
खुमलटार, ललितपुर

**सि. डि. एस एण्ड क्लियरिङ्ग लिमिटेड**
पुतलिसडक, काठमाण्डौं

**एनएमबी क्यापिटल लिमिटेड,**
बालुवाटार, काठमाण्डौं

**श्री कम्पनी रजिष्टार कार्यलय**
त्रिपुरेश्वर, काठमाडौं

**विषय : जानकारी गराएको बारे ।**

महोदय,

उपरोक्त विषयमा यस सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको मिति २०८२/०८/०३ गते अपरान्ह ३:१५ बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व २०८१/०८२ को वार्षिक साधारण सभा मिति २०८२/०८/२६ गते शुक्रबार (तद्नुसार डिसेम्बर १२, २०२५) गर्ने निर्णय भएको तथा बार्षिक साधारण सभाका लागि मिति २०८२/०८/१४ गते आइतबारका दिन कम्पनीको शेयर दर्ता पुस्तिका बन्द (Book Closure) मिति तोक्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै सो सूचना मिति २०८२/०८/०४ गतेको आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा जानकारी गराइन्छ ।

Sagarmatha Jalabidhyut Company Ltd. ESTD.: 2072 Kathmandu, Nepal

...........................
प्रमुख कार्यकारी अधिकृत
सन्दीप अधिकारी

# सगरमाथा जलविद्युत कम्पनी लिमिटेड

Sagarmatha Jalabidhyut Company Ltd.

केन्द्रिय कार्यालय, काठमाण्डौ

फोन नं., ०१-५७०५६०८


# पाँचौ बार्षिक साधारण सभा सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/०४ गते**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८२/०८/०३ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको पाँचौ बार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनीहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>सभा हुने मिति, स्थान र समय :</u>**

**मिति** : २०८२/०८/२६ गते शुक्रबार (तद्नुसार डिसेम्बर १२, २०२५)

**स्थान** : स्मार्ट दरबार, शंखपार्क काठमाण्डौं ।

**समय** : विहान ११:०० वजे ।

**<u>छलफलका लागि प्रस्तावित विषयहरु :</u>**

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(४) संचालक समितिको बैठक भत्ता तथा सेवा सुविधा सम्बन्धमा ।

(५) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने सम्बन्धमा ।

(६) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा ।

(७) संस्थागत जमानी सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) कम्पनीको कायम चुक्ता पूँजी रु १,१७,३२,००,००० को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भई नेपाल धितोपत्र वोर्डमा दर्ता भई निस्कासन प्रकृयामा रहेकोले सोलाई निरन्तरता दिने ।

(२) कम्पनीको हकप्रद शेयर वितरण पश्चात् पूँजी वृद्धि हुने हुँदा कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

(३) कम्पनीको प्रबन्ध पत्र, नियमावली संसोधन गर्ने सम्बन्धमा ।

(४) प्रस्तावित संसोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेर बदल वा सुझाव वा निर्देशन प्राप्त भएमा सोलाई सम्बोधनका लागि आवश्यक संसोधन समायोजन गर्न सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

(५) लगानी सम्बन्धमा ।

**(ग) विविध**

**<u>साधारण सभा सम्बन्धी अन्य थप जानकारी :</u>**

१. बार्षिक साधारण सभामा भाग लिन तथा लाभांश प्रयोजनका लागि मिति २०८२/०८/१४ गते आइतबारका दिन कम्पनीको शेयर दर्ता पुस्तिका बन्द (Book Closure) रहने छ । मिति २०८२/०८/१३ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित कानुन बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार एनएमबी बैंक लिमिटेड, काठमाण्डौंमा प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम भएका शेयरधनीहरुले मात्र कम्पनीले प्रदान गर्ने लाभांश प्राप्त गर्न र सभामा भाग लिन तथा छलफल गर्न पाउनेछन् ।

२. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान १०:३० वजे देखि खुल्ला रहनेछ ।

३. बार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

४. बार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।